# सम्झौता

जि। बाग्लुङ गाबिस काँडेबास गलकोटस्थित जनजागृति उच्च माबि (यस पछि यो सम्झौतामा प्रथम पक्ष भनिने), जि. काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न ३२ डिल्लिबजारस्थित नेपाल लाईब्रेरी फाउण्डेशन, नेपाल (यस पछि यो सम्झौतामा दोस्रो पक्ष भनिने), र सोहि बिध्यालयका भू.पू. बिध्यार्थीहरुको सँयोजनकर्ता सोमनाथ सापकोटा हाल डेनमार्क निवासी (यस पछि यो सम्झौतामा तेस्रो पक्ष भनिने) बीच जनजागृति उच्च माबि काँडेबास, गलकोट, बाग्लुङमा ई-पुस्तकालय स्थापना र सन्चालनार्थ यो त्रिपक्षीय सम्झौता तपसिलमा उल्लेखित शर्तबन्देजहरुको अधिनमा रहि तपसिलका साछीहरुको रोहबरमा सम्पन्न गरी एक एक प्रति बुझि लियौँ, दियौँ।

यो कार्यक्रम जि बाग्लुङ गाबिस काँडेबास गलकोटस्थित जनजागृति उच्च माबिका बिस्वका विभिन्न देशमा रहेका भू.पू. बिध्यार्थीहरुको पहलमा सँयोजनकर्ता भू.पू. बिध्यार्थी तथा गैर आबाशीय नेपाली संघ युरोप उपसंयोजक समेत रहेका सोमनाथ सापकोटा हाल डेनमार्क निवासीको सकृय पहलमा स्थापना हुन लागेको हो।

**क. प्रथम पक्षः जनजागृति उच्च माध्यमिक बिध्यालयले गर्ने कार्यहरुः**

- बिध्युतीय पुस्तकालय स्थापना हुने उपयुक्त कोठा ब्यवस्थापन गर्ने,
- उक्त कोठामा ब्यवस्थित वायरिङ, बिध्युत लाईन जडान एवँ कार्पेटिङ गर्ने,
- फर्निचर ब्यवस्थापन, टेलिफोन, ईन्टरनेट लाईन जडान गर्ने,
- बिध्युतीय पुस्तकालय सन्चालन तथा ब्यवस्थापन समिति गठन गर्ने,
- बिध्युतीय पुस्तकालय सन्चालन तथा ब्यवस्थापन सम्बन्धि नीति नियम बनाउने,
- मालसामान खरिद ब्यवस्थापनका निम्ति नेपाल लाईब्रेरी फाउण्डेशनबाट प्राप्त Requirement को आधारमा नेपाल लाईब्रेरी फाउण्डेशनका प्रतिनिधि समेतको सँलग्नतामा बिध्यालयलाई आवश्यक पर्ने महत्वपूर्ण सान्दर्भिक पुस्तक लगायत ई-सामाग्रीहरु खरिद ब्यवस्थापन गर्ने,
- ई-पुस्तकालय हेर्ने पुस्तकाध्यक्ष (Librarian) ब्यवस्थापन गर्ने,
- दीगोपना सुनिश्चित हुने खाल्को योजना बनाउने,
- उदघाटन गराई सन्चालनमा ल्याउने,
- सँरक्षण र प्रयोगमा सचेतता अपनाउने,
- शिक्षक र समुदायका ब्यक्तिहरुको हितमा e-learning Center को रुपमा सन्चालन गर्ने,
- मासिकरुपमा डोनर एजेन्सी समन्वय सँस्था, नेपाल लाईब्रेरी फाउण्डेशनलाई प्रगति प्रतिबेदन पठाउने,
- भएगरेका गतिबिधिहरु स्थानीयरुपमा पारदर्शीकरण गर्ने,
- ई-पुस्तकालयको स्वामित्व ग्रहण गर्ने,
- आय-ब्यय तथा कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गरि सहयोगी निकाय, सँस्थामा पेश गर्ने,
- सहयोगी ब्यक्ति, सँस्थाहरुलाई निः शुल्क आजीवन सदस्यता प्रदान गर्ने,

**ख. दोस्रो पक्षः नेपाल लाईब्रेरी फाउण्डेशन, नेपालले गर्ने कार्यहरुः**

- जनजागृति उच्च माध्यमिक बिध्यालयमा बिध्युतीय पुस्तकालयको पूर्बतयारीका क्रममा प्राबिधिक कर्मचारी खटाउने,
- बिध्युतीय पुस्तकालय ब्यवस्थापन समिति गठन, बिध्युतीय पुस्तकालय सन्चालन सम्बन्धित नीतिनियम तर्जुमा र पुस्तकालय सन्चालन, प्रयोग र दीगोपनाका निम्ति बिध्यालय ब्यवस्थापन समिति, बिध्यालय प्रशासन, सरोकारबर्गसँग छलफल गरी निश्कर्षमा पुग्ने,
- बिध्युतीय पुस्तकालय स्थापना, ब्यवस्थापनका निम्ति आवश्यक पर्ने ई-सामाग्रीहरु (electronics materials) खरिदको बारेमा Requirement पेश गर्ने,

- बिध्युतीय पुस्तकालय e-pustakalya को सर्भर जडान (server installation), networking र orientation, training कोलागि e-pustakalya server सहित आवश्यक प्राबिधिक ब्यवस्थापन गर्ने,
- कोठा रँगरोगन, वायरिङ, बिध्युतीकरण, टेलिफोन, ईन्टरनेटजडान, कार्पेटिङ, फर्निचरकासाथै ई-सामाग्रीहरु खरिद ब्यवस्थापन भइसकेपछि e-pustakalya जडानकालागि प्राबिधिक खटाई सेटिङ गराई सुचारु गर्ने,
- ई-पुस्तकालय हेर्ने पुस्तकाध्यक्ष Librarian) लाई दक्ष बनाउन तालिम दिने,
- तीनै पक्षको सल्लाहा सहमतिमा उपयुक्त तिथि मितिमा पुस्तकालय उदघाटन गराउने,
- बेला-बेलामा निरीक्षण तथा सुपरिवेक्षण गरी उपयोगी, प्रभावकारी एबँ दीगो बनाउन कोशिस गर्ने,

**ग तेस्रो पक्षः भू.पू. बिध्यार्थीहरुको तर्फबाट सोमनाथ सापकोटा, डेनमार्कले पालना गर्ने शर्तहरुः**

- बिध्युतीय पुस्तकालय स्थापना, ई-सिकाई स्थापना अनि संचालन को लागि आबश्यक रकम सँकलन गरि पठाउने,
- नेपाल लाईब्रेरी फाउण्डेशनसँग बिध्युतीय पुस्तकालय सेटिङ, तालिम सन्चालन, निरीक्षण तथा सुपरीवेक्षण र प्रबर्दनका लागि सहकार्य गर्ने, र सो बमोजिम छुट्टै सम्झौता गर्ने,
- ई-पुस्तकालय ब्यवस्थापन सम्बन्धी परियोजना संचालन को लागि एक अन्तरास्ट्रिय समन्य समिति को गठन गरि परियोजन लाई निरन्तर संचालन मा सहयोग गर्ने जसमा २१ सदस्य समिति रहने छन्।

घ यो सम्झौता भएको मितिले २ महिना भित्र अर्थात् भाद्र मसान्त सम्ममा दुबैपक्षले ई-लाईब्रेरी कार्यक्रम कार्यान्वयन गरिसक्नु पर्ने छ, साथै बिध्यालय पक्षले आफ्नो जिम्मेबारी भाद्र १५ भित्रमा सम्पन्न गरिसक्नु पर्ने छ।

ङ यो सम्झौतामा उल्लेखित शर्तबन्देज पालना गर्न गराउन तीनै पक्ष मञ्जुर भै यो सम्झौतामा आधिकारिक दस्तखत गर्यौं।

**प्रथम पक्षः जनजागृति उच्च माध्यमिक बिध्यालय**
**काँडेबास, बाग्लुङ ।**

नामः **तेजेन्द्र बुढाथोकी**
पदः प्रिन्सिपल
फोन नः **९८५७६२२६९५**
ई मेलः
वेवसाईडः
मितिः **२०७१-०४-१९**
कार्यालयको छापः

Shree Jana Jagriti Higher Secondary School, Kandebas, Baglung

**साछीहरुः**

**दोस्रो पक्षः नेपाल लाईब्रेरी फाउण्डेशन, नेपाल**
डिल्लिबजार, काठमाण्डौ ।

नामः गणेश साह
पदः अध्यक्ष
मितिः २०७१-०४-१९
फोन न ९८५१०७९५२२
ई मेलः shahganesh@gmail.com
वेवसाईडः www.nepallibrary.org
कार्यालयको छापः

**साछीहरुः**
१. नामः भोलानाथ शर्मा, महासचिब

नेपाल लाईब्रेरी फाउण्डेशन, नेपाल, काठमाडौं

**दोस्रोपक्षः भू पू बिध्यार्थीहरुको तर्फबाटः**

| | |
|---|---|
| नामः | सोमनाथ सापकोटा |
| पदः | उपसंयोजक, गैर आबाशीय नेपाली संघ युरोप तथा भू.पू. बिध्यार्थीहरुको सँयोजनकर्ता |
| फोन नः | 004588377743, 004529290529 |
| ई मेलः | somsapkota123@yahoo.com |
| वेवसाईडः | www.nrn.org.np |
| मितिः | |

कार्यालयको छापः

**साछीहरुः**

१. तुलनाथ कडेल
सल्लाहाकार
बि.ब्य.स.

२. रिशिराम सापकोटा
प्रतिनिधी
डोनर एजेन्सी

**ईतिसम्बतः २०७१ साल श्रावण महिना १९ गते रोज २ शुभम् ।**

JANAJAGRITI HIGHER SECONDARY SCHOOL

KANDEBAS, BAGLUNG

**BUDGET**

| SN. | Particulars | Qty. | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|
| 1. | Room management<br>• Plaster, painting, carpeting<br>• Wiring, electricity connection | | | 00 | |
| 2. | Telephone<br>Internet connectivity | | | 10,000.00<br>25,000.00 | ADSL |
| 3. | Furniture's<br>• Computer table -15<br>• Chair - 16<br>• Soft board, white board-2<br>• Reception table-1<br>• File rack, daraj -2 | | | 1,25,000.00 | |
| 4. | e-Library materials<br>• Computer Set<br>• MSI WINE BOX<br>• UPS<br>• Printer<br>• Scanner<br>• DSL Router<br>• Switch 8 port TP link<br>• ESB<br>• Cot 6 cable<br>• RJ 45 Jack | 15 Piece<br>1 Set<br>15 Set<br>1 Set<br>1 Set<br>1 Set<br>2 Piece<br>1 Piece<br>100 MT<br>50 Piece | 22,000.00<br>26,500.00<br>2,900.00<br>15,800.00<br>6,500.00<br>2,200.00<br>1,100.00<br>6,000.00<br>20.00<br>50.00 | 3,30,000.00<br>26,500.00<br>43,500.00<br>15,800.00<br>6,500.00<br>2,200.00<br>2,200.00<br>6,000.00<br>2,000.00<br>2,500.00 | 4,37,200.00<br><br>Vat include |
| 5. | Setting, decoration materials<br>• Philosopher quotations<br>• Flex board (library, management committee, policy) | | | 10,000.00 | |
| 6. | Endowment fund | | | 16,000,00.00 | |
| 7. | Books | | | 50,000.00 | |
| 8. | Transportation | | | 20,000.00 | |
| | **Total** | | | **22,77,200.00** | |

**श्री जनजागृति उच्च माध्यमिक बिध्यालय काँडेबास, बाग्लुङमा**

**ई-पुस्तकालय ब्यवस्थापन सम्बन्धी परियोजना**

**भूमिकाः**

नेपाल लाईब्रेरी फाउण्डेशन नेपालमा पुस्तकालय, ई-पुस्तकालयको सँस्थागत बिकासमा अग्रणी भूमिका निर्बाह गर्ने उदेश्यले स्थापना भएको सँस्था हो। नेपाल एन. जि. ओ. कोरुपमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा रजिष्टर्ड भएको यो सँस्थाको भगिनी सँस्था ( Sister Organization) नेपाल लाईब्रेरी फाउण्डेशन क्यानडा हो। यस सँस्थाद्वारा नेपालका बिभिन्न स्थानमा लाईब्रेरी, ई-लाईब्रेरी स्थापना र विकासमा साना - ठूला सहयोग हुदै आएका छन्। नेपालमा सँस्थागत दीगो पुस्तकालय विकासमा टेवा दिनु, स्वदेश र बिदेशमा यसको सर्बोपरी विकास विस्तार र बिबिधिकरणका निम्ति कार्यमूलक सहकार्य गर्नु यस सँस्थाको प्रमुख उद्देश्य रहेको छ भने नेपालभरी ब्यापक पुस्तकालय बिस्तार गर्नु यसको प्रमुख लक्ष्य रहेको छ।

**परियोजनाको सारासँः**

बाग्लुङ जिल्ला काडेँबास गाबिसस्थित श्री जनजागृति उमाबिमा अत्याधुनिक प्रबिधियुक्त ई-पुस्तकालय निर्माण गर्न सोही बिध्यालयका भू. पू. बिध्यार्थीहरुले आर्थिक सहयोग जुटाएका छन्, सोको सँयोजनकारी भूमिका डेनमार्क एन.आर.एन. श्री सोम सापकोटाले गरेका हुन। यस परियोजना अन्तर्गत १५ वटा कम्प्युटर सहितको, करिब ६ हजार पुस्तक समेटिएको ई-पुस्तकालय सफ्टवेयर सहितको ई-पुस्तकालय जडान भै स्थापना हुने छन्। जसमा श्री जनजागृति उमाबिको भूमिका ब्यवस्थापकीय कामलाई अगाडि बढाउनु, नेपाल लाईब्रेरी फाउण्डेशनको भूमिका प्राबिधिक सपोर्टगरी ई-पुस्तकालय तालिम दिनु, जडान गरी सँचालनमा ल्याउनु, बेला-बेलामा Monitoring र Supervision गरी सँस्थागत बिकास स्थायित्व र दीगोपनाका निम्ति सघाउनु हुने छ भने भू.पू. बिध्यार्थीहरुको भूमिका Fundraising र Financial Support हुने छन्। यस परियोजनामा १५ वटा कम्प्युटर सहितको ब्यवस्थित ई-पुस्तकालय र ई- सिकाइ केन्द्र स्थापना ,अक्षयकोष स्थापना हुने, शिक्षकहरुकोलागि महत्वपूर्ण सान्दर्भिक पुस्तकहरुको ब्यवस्थापन हुने छ।

**अन्तरास्ट्रिय समन्य अन्तरास्ट्रिय समन्य**

यस पुस्तकालय स्थापना भएपछि श्री जनजागृति उमाबिका शिक्षक, बिध्यार्थीहरु लगायत समुदायका सरोकारवाला ब्यक्तिहरुले शैक्षिक लाभ उठाउने छन्। पुस्तकालय स्थापनापछि उक्त बिध्यालयको पठनपाठन र शैक्षिक गुणस्तरमा क्रमिक सुधार आउने छन्।

- **भूमिका र जिम्मेवारीः**
- जनजागृति उच्च माध्यमिक बिध्यालयमा बिध्युतीय पुस्तकालयको पूर्बतयारीका क्रममा प्राबिधिक कर्मचारी खटाउने,
- बिध्युतीय पुस्तकालय ब्यवस्थापन समिति गठन, बिध्युतीय पुस्तकालय सञ्चालन सम्बन्धित नीतिनियम तर्जुमा र पुस्तकालय सञ्चालन, प्रयोग र दीगोपनाका निम्ति बिध्यालय ब्यवस्थापन समिति, बिध्यालय प्रशासन, सरोकारबर्गसँग छलफल गरी निश्कर्षमा पुग्ने,
- बिध्युतीय पुस्तकालय स्थापना, ब्यवस्थापनका निम्ति आवश्यक पर्ने ई(सामाग्रीहरु ९electronics materials० खरिदको बारेमा Minimum Requirement पेश गर्ने, र खरिद ब्यवस्थापनकानिम्ति सहयोग पुर्‍याउने,

- बिध्युतीय पुस्तकालय ९e-pustakalya) को सर्भर जडान (server installation), networking, र orientation, training कोलागि e-pustakalya server सहित आवश्यक प्राबिधिक ब्यवस्थापन गर्ने,
- बिध्यालयको तर्फबाट कोठा रँगरोगन, वायरिङ, बिध्युतीकरण, टेलिफोन, ईन्टरनेट जडान, कार्पेटिङ, फर्निचरकासाथै ई(सामाग्रीहरु खरिद ब्यवस्थापन भइसकेपछि e-pustakalya जडानकालागि आवश्यक प्राबिधिक खटाई सेटिङ गरी सुचारु गर्ने, ई पुस्तकालय हेर्ने पुस्तकाध्यक्ष ९Librarian) लाई दक्ष बनाउन सहजीकरण गर्ने,

बेला बेलामा निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

**परियोजनाको बिस्तृतीकरणः**

- श्री जनजागृति उमाबि काँडेबासमा ई-पुस्तकालय स्थापनार्थ पहिलो पटक स्थलगत भ्रमण गर्ने,
- सामाग्री खरिद ब्यवस्थापनमा राय सल्लाहा सुझाव सहितको सहयोग पुर्याउने,
- ई-पुस्तकालय सर्भर जडानका निम्ति प्राबिधिक खटाइ सो सम्बन्धी ब्यवस्थापन गरी गराई सँचालनमा ल्याउने,
- आवश्यकतानुसारको तालिम सहजीकरणको ब्यवस्था मिलाउने,
- बेला-बेलामा अनुगमन निरीक्षण गरी प्रभाबकारी सँचालन परिचालन प्रयोग र दीगोपनाका निम्ति रचनात्मक फीडब्याक दिने आदि।

**बजेटः**

| सि.न. | बिबरण | लागत रकम |
|---|---|---|
| १. | स्थलगत तयारी भ्रमण, प्रोग्राम जडान (Program Installation in MSI WINE BOX), ई-पुस्तकालय नेटवर्किङ, **ई पुस्तकालय सेटअप, अन्तर्कृया तथा सहजीकरण**, स्थलगत तयारी भ्रमण आदि। | ४५,०००।- |
| | जम्मा | ४५,०००।- |

**नोटः**

- उपरोक्त लागत रकम बाट नेपाल लाईब्रेरी फाउण्डेशनले आवश्यक प्राबिधिक, कर्मचारी ब्यवस्थापन गर्ने छ ।
- यस अन्तर्गत MSI WINE BOX मा ई-पुस्तकालय प्रोग्राम जडान, कम्प्युटर नेटवर्किङ, कम्प्युटरहरुमा ई-पुस्तकालय जडान (Offline Service), ईन्टरनेट (Online Service) जडान, समिति, उपसमिति, पुस्तकाध्यक्ष, शिक्षक, कर्मचारी तथा सरोकारवालाहरुलाई ई-पुस्तकालयको बारेमा Facilitation तथा Orientation गरिने छ।
- यस लागत खर्च भित्र प्राबिधिक, कर्मचारीहरुको यातायात, होटल लज तथा दैनिक सुबिधा समेत समाबेश भएको हुँदा तहाँ सँस्थावाट अलगै ब्यहोर्नु पर्ने छैन।

**प्रथम पक्षः** नेपाल लाईब्रेरी फाउण्डेशन, नेपाल
डिल्लिबजार, काठमाण्डौं ।

नामः गणेश साह
पदः अध्यक्ष
मितिः २०७१-०४-१९
फोन न ९८५१०७९५२२
ई मेलः shahganesh@gmail.com
वेवसाईडः www.nepallibrary.org
कार्यालयको छापः

**साछीहरुः**

१. नामः भोलानाथ शर्मा, महासचिव

**दोस्रोपक्षः** भू पू बिध्यार्थीहरुको तर्फबाटः

नामः सोमनाथ सापकोटा
पदः उपसंयोजक, गैर आबाशीय नेपाली संघ युरोप तथा भू.पू. बिध्यार्थीहरुको सँयोजनकर्ता
फोन नः 004588377743, 004529290529
ई मेलः somsapkota123@yahoo.com
वेवसाईडः www.nrn.org.np
मितिः
कार्यालयको छापः

**साछीहरुः**

ईतिसम्बतः २०७१ साल श्रावण महिना १९ गते रोज २ शुभम् ।